# उद्योग वाणिज्य सन्देश

मासिक

## CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २६. अकं ४, भदौ/असोज २०७७ Sep/Oct 2020


## कोरोना वीमा रकम हस्तान्तरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनले कोरोना वीमीत सदस्यलाई कोरोना वीमा रकम उपलब्ध गराएको छ । २०७७ आश्विन २ गते उद्योग वाणिज्य संघ-चितवनको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि संघका अध्यक्ष राजु श्रेष्ठले कोरोना वीमा योजनाका विमित प्रधान मिनिरल वाटर एन्ड विभरेज ई. प्रालिका सञ्चालक सुसनलाल प्रधानलाई रु ५० हजार को चेक हस्तान्तरण गर्नुभयो । चेक हस्तान्तरण कार्यक्रममा बोल्दै संघका अध्यक्ष राजु श्रेष्ठले विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले लागु गरेको लकडाउन,निषेधाज्ञा जस्ता क्रियाकलापले उद्योग व्यवसाय धरासायी भएको अवस्थामा संघले आफ्ना सदस्यलाई राहत उपलब्ध गराउने उद्देश्यले कोरोना वीमा योजना ल्याइएको बताउनु भयो । उहाले संघले व्यवसायीको हक, हितको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्दै सदस्य व्यवसायीको स्वास्थ्यमा पनि ख्याल गर्दै हरेक सुख दुखको सारथीको भूमिका निर्वाह गर्ने बताउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले कोरोना वीमा गरेका सदस्य व्यवसायी मध्ये कोरोना संक्रमण देखिएको प्रधान




*बाँकी पेज नं.२ मा*

## कोरोना भाइरस र व्यवसाय बिषयक वेविनार

उद्योग वाणिज्य संघ-चितवनले २०७७ असोज ९ गतेका दिन कोभिड १९ र व्यवसाय विषयक वेवीनार (Webinar) आयोजना गरेको छ । उद्यमी व्यवसायीहरुलाई कोभिड १९ को जोखिमबाट बच्दै कसरी उद्यम व्यवसाय सञ्चालन गर्ने भन्ने बिषयमा जानकारी दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा सहभागीलाई सम्बोधन गर्दै संघका अध्यक्ष राजु श्रेष्ठले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि समय समयमा लागु गरिएको लकडाउनका कारण व्यापार, व्यसायमा ठुलो क्षति भएको भन्दै बर्तमान अवस्थामा स्वास्थ्य सुरक्षाका सम्पूर्ण उपायहरु अबलम्बन गर्दै व्यवसाय गर्न अनुरोध गर्नुभयो । उहांले रुग्ण भएका उद्योग, कलकारखाना एवम् व्यवसायलाई प्रबर्द्धन गरि पुन: पहिलेको अवस्थामा ल्याउनका लागि सरकारका तर्फबाट पनि सहुलियत आवश्यक रहेको बताउंदै उद्योग वाणिज्य संघ-चितवन व्यवसायीक हितको लागि सदैव तत्पर रहेको बताउनु भयो । कार्यक्रममा भरतपुर अस्पतालका डा. प्रमोद पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीकरण दिंदै डा. पौडेलले व्यवसाय गर्दा आफु मात्र सुरक्षित नभई आफ्नो सम्पर्कमा आउने ग्राहकहरुलाई पनि सुरक्षित राख्नका लागि सुरक्षा मापदण्डका सवै उपायहरु अवलम्बन गर्न अनुरोध गर्नुभयो । वेविनार कार्यक्रमा संघका निबर्तमान अध्यक्ष सहनलाल प्रधान, वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम, दित्तिय र तृतिय उपाध्यक्ष त्रय सुमन कुमार श्रेष्ठ, चिरञ्जिवि सुवेदी, भोजराज कौडाल, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्षज्यूहरु, संघका साधारण सदस्यज्यूहरु लगायत ७० जनाको सहभागिता रहेको थियो ।


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

प्रकाशन समिति

संयोजक

राजेन्द्र ओली

कार्यसमिति सदस्य

सदस्यहरु

अशोक अधिकारी, अरुण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्वार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

सम्पादन

निल बहादुर के.सी. (निलु)

कार्यकारी निर्देशक

ले-आउट / डिजाइन

सन्देश पौडेल

सूचना प्रविधि अधिकृत

# विश्व पर्यटन दिवसमा साईकल ऱ्याली

विश्व पर्यटन दिवसको अवसरमा उद्योग वाणिज्य संघ-चितवनले साईकल ऱ्यालीको आयोजना गरेको छ । २०७७ आश्विन ११ गतेका दिन चितवन साईकल राईडर्स क्लव संगको सहकार्यमा उक्त साईकल ऱ्यालीको आयोजना गरिएको हो । उद्योग वाणिज्य संघ-चितवनको परिसरबाट शुरु भएको ऱ्याली भरतपुर महानगर पालिका वडा नं. २२ छितामाई सम्म पुगेको थियो । साईकल ऱ्यालीको उद्घाटन गर्दै संघका अध्यक्ष राजु श्रेष्ठले कोभिड १९ का कारण सवैजसो क्षेत्र प्रभावित भएको तर पर्यटन क्षेत्र अझ बढि प्रभावित भएको भन्दै यस किसिमका कार्यक्रमले चितवनको पर्यटकिय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनु भयो । उहांले साईकल चढ्दा व्यवसायीक लाभ मात्र नभई शारिरिक एवम् मानसीक लाभ पनि हुने भएकोले कार्यक्रमले साईकल चढ्न अभिप्रेरित गर्ने अपेक्षा ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा उहाले विकासका प्रमुख आधार सडक लगायतका भौतिक पूर्वाधार निर्माणमा साइकल लेन सहित निर्माण गरिनुपर्ने बताउनु भयो । सोहि कार्यक्रममा बोल्दै चितवन साइकल राइडर्स क्लवका अध्यक्ष नवीन खरेलले पर्यटन बर्ष २०२० कोभिड १९ का कारण असम्भव भएको अवस्थामा साईकल ऱ्यालीको आयोजना गरि विश्व पर्यटन दिवस मनाउन लागिएको बताउनुभयो । सोहि दिन भरतपुर महानगर पालिका क्षेत्रमा रहेको छितामाई साइकल ट्रेलको उद्घाटन गरिएको थियो । उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष राजु श्रेष्ठले उक्त ट्रेलको उद्घाटन गर्नुभएको हो ।



*बाँकी...*

पहिलो व्यवसायी भएको र संघको सदस्यता नवीकरण गरिसकेका अन्य व्यवसायीमा पनि कोरोना संक्रमण देखिएमा उहांहरुलाई पनि वीमा रकम हस्तान्तरण गर्दै जाने बताउंदै हाल थप २ जना सदस्य व्यवसायीमा समेत कोरोना पुष्टि भएको बताउनु भयो । उहांले हाल चितवनमा कोरोना संक्रमणको प्रभाव बढ्दै गएकोले आवश्यक स्वास्थ्य सुरक्षाका साथ व्यवसाय संचालन गर्न व्यवसायीलाई अनुरोध गर्नुभयो कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य एवम् स्वास्थ्य समितिका संयोजक सिरिस पन्तले संघमा आवद्ध रहेका सदस्य व्यवसायीहरु प्रति संस्थाको सामाजिक उत्तरदायित्व समेतलाई मध्येनजर राखी गत असार महिना देखी निशुल्क कोरोना

वीमा योजना लागु गरिएको बताउनु भयो। उद्योग वाणिज्य संघ–चितवनले आफु संग आवद्ध भएका सदस्य मध्ये श्रावण मसान्त सम्म नवीकरण गर्ने सबै सदस्यहरुलाई निशुल्क कोरोना वीमा गरेको तथा संघमा आवद्ध ४ हजार २ सय सदस्य मध्ये करिब ८ सय सदस्यहरु यस विमा योजना अन्तरगत समावेश भएका छन्। कोरोना वीमा रकम ग्रहण गर्दै संघका साधारण सदस्य एवम् प्रधान मिनिरल वाटर एन्ड विभरेज प्रा.लि.का सञ्चालक सुसन प्रधानले आफु उद्योग वाणिज्य संघ–चितवनको सदस्य हुनुमा गौरव महसुस भएको बताउँदै संघ प्रति आभार व्यक्त गर्नुभयो। प्रधानलाई श्रावण २३ गते कारोना संक्रमण पुष्टि भएको थियो भने भाद्र १२ गते कोरोना मुक्त हुनुभएको थियो। संघले लकडाउनको अवधिमा कोरोना राहत कोषको स्थापना गरि करिव ७० लाख बराबरको राहत समेत वितरण गर्नुका साथै विविध जनचेतनामुलक कार्यक्रमहरु समेत सम्पन्न गरेको छ। रकम हस्तान्तरण कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ,प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठ,दित्तिय उपाध्यक्ष चिरञ्जिवि सुवेदी,स्वास्थ्य समिति संयोजक सिरिस पन्त लगायतको उपस्थिति रहेको थियो ।

# उवासंघ चितवनद्वारा अनुसा कृषि फार्मको अनुगमन
# क्षतिपुर्तीको लागि संवन्धित निकायको ध्यानाकर्षण

उद्योग वाणिज्य संघ चितवनको पदाधिकारीको टोलीले २०७७ असोज २३ गतेका दिन अनुसा कृषि फर्मको अनुगमन गरेको छ । भरतपुर महानगरपालिका ६ केशरबागका किसान खेमराज पाठकले अनुसा कृषि फर्ममा पाल्नुभएका ५ हजार बढी लेयर्स जातका कुखुरा एच नाइन भाइरसका कारण मरेपछि संघले उक्त फर्मको अनुगमन गरेको हो।
संघको सदस्य सस्थासमेत रहेको उक्त कृषि फर्म अध्यक्ष राजु श्रेष्ठको नेतृत्वमा पदाधिकारी संलग्न टोलीले अनुगमन निरिक्षण गरेको थियो । सो कार्यक्रममा संघका उपाध्यक्ष सुमन कुमार श्रेष्ठ, चिरन्जीवि सुवेदीलगायतको सहभागिता रहेको थियो । अनुगमनको क्रममा एक करोड २० लाख भन्दा बढिको क्षति भएको पाईएको उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिनु भयो। निरिक्षणको क्रममा अध्यक्ष श्रेष्ठले कुखुरा मरेका घटना प्रति दु:ख व्यक्त गर्दै अध्ययन गरि राहत एवं क्षतिपुर्ति उपलव्ध गराउन संवन्धित निकाय समक्ष माग गर्नु भयो।
कुखुरामा देखिएको एच नाइन भाइरस पनि कोरोना जस्तै महामारीको रुपमा फैलिन सक्ने वताउदै अध्यक्ष श्रेष्ठले आगामी दिनमा रोग फैलन नदिन यसको नियन्त्रणमा ध्यान दिनु आवश्यक रहेको वताउनु भयो ।



## उवासंघ चितवनद्धारा राहत उपलब्ध गराईने

यसै विच उद्योग वाणिज्य संघ–चितवनको २०७७ आश्विन २८ गते वसेको व्यवसायी राहत कोष व्यवस्थापन समितिको वैठकले अनुषा कृषि फर्मलाई रु. २५ हजार उपलब्ध गराउने निर्णय गरेको छ। समितिको वैठकले फर्ममा भएको ठूलो क्षति प्रति दु:ख व्यक्त गरेको छ। समितिका संयोजक एवम् संघका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा वसेको वैठकले उक्त निर्णय गरेको हो।

# सिन्धुली उवासंघसंग छलफल तथा भेटघाट कार्यक्रम सम्पन्न

२०७७ आश्विन ९ गतेका दिन सिन्धुली उद्योग वाणिज्य संघका प्रतिनिधिमण्डल संग उद्योग वाणिज्य संघ–चितवनले भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अमरेशचन्द्र बैदारको नेतृत्वमा आयको टोलीसंग छलफल कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष राजु श्रेष्ठले कोभिड १९ ले निम्त्याएको बर्तमान परिस्थितिबाट माथि उठ्नको लागि सम्पूर्ण उद्यमी व्यवसायीको एउटै आवाज हुनुपर्ने बताउनु भयो। उहांले नेउवामहासंघको आसन्न निर्बाचनमा उद्योग वाणिज्य संघ–चितवनको प्रतिनिधित्व गर्न लाग्नु भएका निबर्तमान अध्यक्ष सहनलाल प्रधान र पूर्व अध्यक्ष उत्तमलाल चुकेलाई भारी मतले विजयी गराउनका लागि समेत अनुरोध गर्नुभएको थियो । सोही कार्यक्रममा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अमरेशचन्द्र वैदारले उद्योग वाणिज्य संघ–चितवन नेपालका उवासंघहरुको एक नेतृत्वदायी संस्था भएकोले यसबाट अन्य जिल्ला /नगर उद्योग वाणिज्य संघले धेरै कुरा सिक्ने अवसर पाएको भन्दै सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दै संघको आतिथ्यता प्रति आभार ब्यक्त गर्नुभयो। कार्यक्रममा सिन्धुली उवासंघको तर्फबाट अध्यक्षको नेतृत्वमा कोषाध्यक्ष रामभक्त श्रेष्ठ, निबर्तमान कोषाध्यक्ष रमेश प्रजापति र आजिवन सदस्य गोविन्द खड्काको सहभागिता रहेको थियो भने उवासंघ–चितवनको तर्फबाट अध्यक्ष राजु श्रेष्ठ, दित्तिय उपाध्यक्ष चिरञ्जिवि सुवेदी,विशिष्ट सदस्य डा.रेवन्त कुमार भट्टराई, महिला उद्यमी, कार्यकारी निर्देशक निलबहादुर केसी लगायतको सहभागिता रहेको थियो।



# होटल व्यवसायीको अध्यक्षमा श्रेष्ठ चयन

होटल व्यवसायी संघ–चितवनको हालै सम्पन्न अधिवेशनबाट दिलकुमार श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति निर्बाचित भएको छ। संघको २०७७ आश्विन २६ गते सम्पन्न २५ औं साधारण सभा तथा १२ औं अधिवेशनबाट निबर्तमान अध्यक्ष शर्मिला न्यौपाने सहित उपाध्यक्षमा क्रमशः केशव हट्खोले, लोकनाथ भट्ट, कमला गुरुङ र थानेश्वर सापकोटा, यसै गरि महासचिवमा गोपाल श्रेष्ठ, सचिवमा रामबहादुर गुरुङ निर्बाचित हुनुभएको हो । संघका ८ ईकाइ सहित २७ जनाको कार्यसमिति रहेको उक्त संघमा कोषाध्यक्षमा जनक पौडेल र सह–कोषाध्यक्षमा ऋषिकेस अर्याल चयन हुनुभएको हो । यस पटकको अधिवेशन सहमतिय रुपमा सम्पन्न भएको संघका निबर्तमान अध्यक्ष शर्मिला न्यौपानेले बताउनुभयो ।

# शुभकामना

विजया दशमी, शुभ-दीपावली,
नेपाल संवत् ११४१ एवम् छठ पर्व २०७७ को सुखद
उपलक्ष्यमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

राजु श्रेष्ठ
अध्यक्ष तथा
उद्योग वाणिज्य संघ-चितवन परिवार

# उद्योग वाणिज्य संघ-चितवनको

## सदस्यता नविकरण गर्ने म्याद थप गरिएको सूचना

उद्योग वाणिज्य संघ-चितवनको विधानको दफा ११ (ख) बमोजिम आ.व. २०७७/२०७८ को सदस्यता नवकिरण २०७७ असोज मसान्त भित्रमा गर्नुपर्ने प्रावधान भएता पनी हाल विश्वभर फैलीएको कारोना भइरस (COVID-19) का कारण उद्यमी व्यवसायीलाई परेको अफ्ठेरोलाई मध्यनजर राख्दै उवासंघ चितवनको कार्यसमितिको २०७७ असोज २९ गते बसेको वैठकको निर्णय अनुसार यही २०७७ पौष मसान्त सम्म नविकरण गर्ने सदस्यलाई कुनै अतिरिक्त शुल्क नलिने व्यवस्था गरिएको जानकारी गराइन्छ । साथै आ.व. ०७६।०७७ को सदस्यता नविकरण नगर्नुभएका सदस्यले समेत नियमानुसारको शुल्क तिरी नविकरण गर्न सकिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि:
उद्योग वाणिज्य संघ-चितवन
भनपा १, नारायणी मार्ग
०५६ ५२०१०८,५२२१४५
ccichitwan@gmail.com

# बिभिन्न कार्यक्रममा संघको सहभागिता

| क्र.सं. | आयोजकको नाम | बिषय/कार्यक्रम | मिति | सहभागीको नाम |
|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग कार्यालय | वार्षिक कार्यक्रम कार्यान्वयन समबन्धमा | २०७७।०३।१० | श्री सुमन कुमार श्रेष्ठ |
| २ | कृषि ज्ञान केन्द्र, चितवन | अतिथ्यता ग्रहण | २०७७।०३।१५ | श्री राजु श्रेष्ठ |
| ३ | घरेलु तथा सानाउद्योग कार्यालय | समिक्षा बैठक | २०७७।०३।२२ | श्री राजु श्रेष्ठ<br>श्री सुमन कुमार श्रेष्ठ |
| ४ | पुर्वाधार विकास कार्यालय | दररेट निर्धारण समितिको बैठक | २०७७।०३।२५ | श्री राजु श्रेष्ठ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय | अनुगमन समितिको वैठक | २०७७।०३।२५ | श्री राजु श्रेष्ठ<br>श्री सुमन कुमार श्रेष्ठ |
| ६ | मालपोत कार्यालय चितवन | जग्गा मुल्यांकन वैठक | २०७७।०३।२६ | श्री भोजराज कौडाल |
| ७ | भरतपुर खानेपानी व्यवस्थापन वोर्ड | वोर्ठ बैंडक | २०७७।०३।३१ | श्री राजु श्रेष्ठ |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय | उपस्थित सम्बन्धमा | २०७७।०३।०५ | श्री सुमन कुमार श्रेष्ठ |
| ९ | हजुरको स्मार्ट सप प्रा.लि. | प्रमुखअतिथ्यता सम्बन्धमा | २०७७।०६।१७ | श्री राजु श्रेष्ठ |
| १० | घरेलु तथा साना उद्योग कार्यालय | बैठक | २०७७।०६।२० | श्री सुमन कुमार श्रेष्ठ |
| ११ | नेउवामहासंघ, गण्डकी प्रदेश | भेला | २०७७।०६।२१ | श्री राजु श्रेष्ठ<br>श्री निलबहादुर के.सी |
| १२ | लेखनाथ उद्योग वाणिज्य संघ | छलफल कार्यक्रम | २०७६।०६।२२ | श्री राजु श्रेष्ठ<br>श्री निलबहादुर के.सी |
| १३ | जिल्ला प्रशासन कार्यालय | अनुगमन समितिको वैठक | २०७७।०६।२२ | श्री सुमन कुमार श्रेष्ठ |
| १४ | अनुशा कृषि फर्म | अनुगमन | २०७७।०६।२३ | श्री राजु श्रेष्ठ<br>श्री सुमन कुमार श्रेष्ठ<br>श्री चिरञ्जिवि सुवेदी |
| १५ | नेपाल रेडक्रस सोसाइटी | विश्व मानसीक स्वास्थ्य दिवस | २०७७।०६।२३ | श्री सिरिस पन्त |
| १६ | चितवन उद्योग संघ | साधारण सभा | २०७७।०६।२४ | श्री राजु श्रेष्ठ |
| १७ | घरेलु तथा साना उद्योग कार्यालय | उद्योग प्रबर्द्धन समितिको वैठक | २०७७।०६।२६ | श्री राजु श्रेष्ठ<br>श्री सुमन कुमार श्रेष्ठ |
| १८ | होटल व्यवसायी संघ-चितवन | साधारण सभाको प्रमुअ आतिथ्यता | २०७७।०६।२६ | श्री राजु श्रेष्ठ |
| १९ | जिल्ला प्रहरी कार्यालय चितवन | प्रहरी दिवस २०७७ मा आतिथ्यता ग्रहण | २०७७।०६।३० | श्री राजु श्रेष्ठ |
| २० | उद्योग वाणिज्य संघ-चितवन | जिल्ला प्रशासन कार्यालयलाई ज्ञापन पत्र | २०७७।०७।०२ | श्री चुननारायण श्रेष्ठ<br>श्री सुमन कुमार श्रेष्ठ<br>श्री चिरञ्जिवि सुवेदी<br>श्री चेतनारायण सापकोटा |

# नारायणगढ बजारको मिति २०७७ कार्तिक ४ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | २६०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ३२०० |
| ३. साना मंसुली | प्रति क्वि. | ४३०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | २४०० |
| ५. धान मोटो नया | प्रति क्वि | २१०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ६००० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ६००० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५० |
| ९. मकै | प्रति क्वि. | २३०० |
| १०. गहुँ | प्रति क्वि. | ३५०० |
| ११. कोदो | प्रति क्वि. | ४२०० |
| १२. फापर | प्रति क्वि. | ४००० |
| १३. चना | प्रति के.जी. | ११० |
| १४. केराउ | प्रति के.जी. | ११० |
| १५. भटमास | प्रति के.जी. | ८० |
| १६. रहर दाल | प्रति के.जी. | १६० |
| १७. मसुरी दाल | प्रति के.जी. | ११५ |
| १८. मासको दाल | प्रति के.जी. | १६० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | . |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ५७ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ५८ |
| ग. लेयर्स कुखुरा ३ नं. | प्रति के.जी. | ५२ |
| घ. क्याटल फिड | प्रति के.जी. | ७२ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ५६ |
| २१. प्याज | प्रति के.जी. | ११० |
| २२. तोरीको तेल | प्रति १० ली. | १७३० |
| २३. भटमासको टेल | प्रति १० ली. | १५७० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | . |
| २५. नुन | प्रति के.जी | १८ |
| २६. जिरा | प्रति के.जी. | ३५० |
| २७. मरिच | प्रति के.जी. | ६०० |
| २८. धनियाँ | प्रति के.जी. | १८० |
| २९. क. सुन | प्रति तोला | ९४७०० |
| ख. चाँदी | प्रति तोला | १२३० |
| ३०. कर्कट पाता | | |
| क. २८ गेज | प्रति वण्डल | |
| ख. ३९ एम एम (AV) | प्रति वण्डल | १०४०० |
| ३१. छड | | |
| क. ८ मि.मि.(J/S) | प्रति के.जी | ७६.५ |
| ख. १० मि.मि. | प्रति के.जी | ७३ |
| ख. १२ मि.मि. | प्रति के.जी | ७३ |
| ग. १६ मि.मि. | प्रति के.जी | ७३ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७४० |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६१० |
| ग. रिलायन्स | प्रति बोरा | ६१० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | २५० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | १५० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ६५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | २५० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६५० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ३८० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ३१५ |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ७५ |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ७०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. बटर | प्रति के.जी. | ६०० |
| च. घ्यू | प्रति के.जी. | १००० |

## कोरोनाभाइरसबाट सुरक्षित रहनुहोस्

कोरोनाभाइरस संक्रमणबाट आफुलाई र अरुलाई बचाउनका लागि ख्याल राख्नु पर्ने कुराहरु

- ✔ खोक्दा वा हाच्छिउं गर्दा रुमाल, कपडा वा लुगाको बाउलाले मुख छोप्नुहोस्।
- ✔ साबुन पानीले आफ्ना हातहरु नियमित रुपमा धुनुहोस् विशेष गरी खोकी वा हाच्छिउं पछि।
- ✔ हरेक पटक हात धुदा कम्तिमा २० सेकेन्ड सम्म साबुनपानीले हातलाई मिची मिची धुनुहोस्।
- ✔ भिडभाडबाट आफुलाई टाढा राख्नुहोस्। मास्कको प्रयोग गर्नुहोस्।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 520018
– 525512
– 522145
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
Outdoor Physical Fitness facility with equipment in peaceful environment.
"A Home After Your Home"




## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।
-सम्पादक

**प्रापक :**

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

..................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं.